# नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)
## युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

## खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८।११।२७ गते**

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा रिक्त रहेका देहाय बमोजिमका पदहरू खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र नेप्सेबाट निर्धारित दरखास्त फाराम भरी नेप्से पदपूर्ति समितिको सचिवालय (प्रशासन शाखा) मा दरखास्त दर्ता गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू संलग्न नभई पेस हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन । दरखास्त फाराम, विज्ञापन र पाठ्यक्रम नेप्सेको वेबसाइट **www.nepalstock.com.np** बाट डाउनलोड गर्न सकिनेछ ।

**क) आन्तरिक प्रतियोगिता तर्फ :**

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| ६/०७८-७९ | उप-प्रबन्धक (प्र.) | ९ | १ (एक) | सम्बन्धित तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको र एक तह मुनीको पदमा कम्तीमा तीन वर्ष सेवा गरेको । |
| ७/०७८-७९ | सहायक प्रबन्धक (प्र.) | ८ | १ (एक) | |
| ८/०७८-७९ | वरिष्ठ अधिकृत (प्र.) | ७ | १ (एक) | |
| ९/०७८-७९ | वरिष्ठ अधिकृत (प्रा.) | ७ | १ (एक) | |

**ख) खुला प्रतियोगिता तर्फ :**

| विज्ञापन नं. | पद | तह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| १०/०७८-७९ | प्रबन्धक (प्र.) | १० | खुला | १ (एक) |
| ११/०७८-७९ | सहायक प्रबन्धक (प्र.) | ८ | महिला | १ (एक) |
| १२/०७८-७९ | वरिष्ठ अधिकृत (प्र.) | ७ | खुला | १ (एक) |
| १३/०७८-७९ | अधिकृत (प्र.) | ६ | खुला | १ (एक) |
| १४/०७८-७९ | अधिकृत (प्र.) | ६ | मधेसी | १ (एक) |
| १५/०७८-७९ | अधिकृत (प्र.) | ६ | अपाङ्ग | १ (एक) |

१. **दरखास्त दिने स्थान** : नेपाल स्टक एक्सचेन्ज, पदपूर्ति समितिको सचिवालय, भद्रकाली प्लाजा, काठमाडौं ।

२. **दरखास्त बुझाउने समय** : बिहान ११.०० बजेदेखि दिनको ४.०० बजेसम्म ।

३. **दरखास्त दस्तुर** : प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्दछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| आठौं देखि दशौं (८ देखि १०) | रु. २,५००।- (दुई हजार पाँच सय) | रु. २००।- (दुई सय) |
| सातौं (७) | रु. २,०००।- (दुई हजार) | |
| छैठौं (६) | रु. १,५००।- (एक हजार पाँच सय) | |

परीक्षा दस्तुर **ग्लोबल आइएमई बैंकमा रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) को खाता नं.** ७५०१०१००००७७५ मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामका साथ संलग्न गर्नुपर्नेछ ।

४. **उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । सेवाको तह आठ वा सो भन्दा माथिका पदहरूमा खुला प्रतियोगिताद्वारा हुने विज्ञापनमा चालिस वर्ष ननाघेका नेपाली नागरिकहरू उम्मेदवार हुन सक्नेछन् ।

५. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** :

(क) प्रशासन समूह तर्फको अधिकृत स्तरको पदका लागि नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नात्तकोत्तर उपाधी हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको ।

(ख) प्राविधिक समूह तर्फको अधिकृतस्तरको पदका लागि सूचना प्रविधि, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर एप्लिकेसन वा सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

(ग) आन्तरिक प्रतियोगिताको लागि एक तह मुनी कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको र सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरेको ।

६. **कार्य अनुभव** : **तह आठको खुला** प्रतियोगितामा सहभागी हुने उम्मेदवारले सरकारी सेवा, निजामती सेवा, विश्वविद्यालय, सामुदायिक विद्यालय वा नेपाल सरकारको पचास प्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा स्वामित्व वा नियन्त्रण भएको कम्पनी, समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्था नेप्से, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा यस्तै प्रकृतिका अन्य संगठित संस्था वा नेप्सेमा सूचीकृत कम्पनीमा अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष र **सेवाको दसौं तहका** लागि त्यस्ता संस्थाहरूमा अधिकृत स्तरको पदमा कम्तीमा सात वर्ष अविच्छिन्न सेवा गरेको हुनुपर्नेछ ।

७. **परीक्षाको किसिम** : प्रयोगात्मक, लिखित र अन्तर्वार्ता । प्रशासनतर्फ लिखित र अन्तर्वार्ता मात्र ।

८. **दरखास्त साथ पेस गर्नुपर्ने कागजात** : निम्न लिखित कागजात उम्मेदवार स्वयंले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र ।

(ग) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारको हकमा समकक्षताको प्रमाण ।

(घ) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ।

(ङ) आन्तरिक प्रतियोगिताको लागि हालको पदमा नियुक्ति भएको प्रमाणको प्रतिलिपि समेत ।

(च) अनुभव आवश्यक पर्ने पदहरूका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेस गर्नुपर्नेछ ।

९) **खुला प्रतियोगिताको परीक्षणकाल**: एक वर्ष, महिलाको हकमा ६ महिना ।

१०) **तलब र सुविधा** : नेप्सेको नियम अनुसार ।

११) दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस्तो बिदा पछि कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

१२) **खुला तथा आन्तरिक प्रतियोगिताको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

१३) लिखित परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१४) विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुनेछैन ।

१५) एउटा पदका लागि खुला र समावेशीतर्फ विभिन्न समूहमा आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नुपर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेश पत्रमा खुला र समावेशी समूह मध्ये जुन-जुन समूहका परीक्षामा सामेल हुने हो सो अनुसार चिन्ह लगाउनुपर्नेछ ।